# स्थानीय तहको आर्थिक ऐन, २०८०

औरही नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना : औरही नगरपालिकाको आर्थिक वर्ष २०८०/२०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बाह्रौ नगरसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०/२०८१" रहेको छ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि औरही नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. सम्पति कर : नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर/ घरजग्गा कर सम्बन्धमा व्यक्ति स्वंम घोषणा गरेको रकमको ५% कर लगाइने छ।

३. भूमि कर (मालपोत) : औरही नगरपालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. घर वहाल कर : औरही नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो,जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची २ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५. व्यवसाय कर : औरही नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. विज्ञापन कर : औरही नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७. मनोरञ्जन कर : औरही नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. वहाल बिटौरी शुल्क : औरही नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार वा पसलमा नगरपालिकको कार्यपालिकाका निर्णय बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. सेवा शुल्क, दस्तुर : औरही नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (७) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्रहीबाट सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

११. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि औरही नगरपालिकाले तोके अनुसार हुने छ।

१२. अन्य व्यवस्था : अनुसूचि (८) मा उल्लेख भए अनुसार हुनेछ।

अनुसूचि १
(दफा ३ संग सम्बन्धित)
भूमि कर (मालपोत)

| क्र.सं. | विवरण | बषिक रु |
|---|---|---|
| १ | घडेरी योग्य जमिन ग्रामिण क्षेत्रमा प्रति कठ्ठा | ४० |
| | घडेरी योग्य जमिन बजार क्षेत्रमा प्रति कठ्ठा | १०० |
| २ | खेतियोग्य जमिन प्रति कठ्ठा | १० |

नोट : एक कठ्ठा भन्दा कम भएको खण्डमा एक कठ्ठा बराबरको दस्तुर लाग्ने छ ।

अनुसूचि २
(दफा ४ संग सम्बन्धित)
घरवहाल कर

आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो,जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा सम्बम्धित धनीवाट वहाल रकमको १०% घर/जग्गा वहालकर लिइने छ ।

अनुसूचि ३
(दफा ५ संग सम्बन्धित)
व्यवसाय कर

व्यवसाय कर निम्न अनुसार लिईनेछ ।

| क्र.सं. | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क (रु) | ख (रु) | ग (रु) |
| १ | होटेल, लज रेष्टुरेन्ट<br>लज तथा खाना भएको होटेल (क)<br>साधारण खाना, नास्ता (मदिरा सहित) (ख)<br>चिया र खाजा पसल (ग) | २०००।- | १०००।- | ५००।- |
| २ | मासु पसल | १०००।- | | |
| ३ | मदिरा पसल<br>थोक विक्रेता (क)<br>खुद्रा विक्रेता (ख) | १०००।- | ५००।- | |
| ४ | सून चाँदी गहना पसल | १०००।- | | |
| ५ | रेडियो, मोवाईल विक्री तथा मर्मत | १०००।- | | |
| ६ | संचार सेवा<br>एफ.एम. प्रसारण, केबुल च्यानल प्रसारण (क)<br>पत्र पत्रिका प्रकाशन, फोटोकापि, पि. सि.ओ. तथा साइबर संचालन (ख) | १०००।- | ५००।- | |

| | | | | |
|---|---|---|---|---|
| ७ | घडि बिक्री तथा मर्मत | | ५००।- | |
| ८ | फोटो स्टुडियो<br>कलर ल्याव (क)<br>फोटो स्टुडियो (ख) | १५००।- | ५००।- | |
| ९ | सेलुन(हजाम) | ५०० | | |
| १० | चपल,जुत्ता पसल | | ५००।- | |
| ११ | मोटर वर्कशप<br>गाडीको वडी वनाउने, मर्मत गर्ने, तथा पार्टस बेच्ने (क)<br>सम्पूर्ण सवारी साधन मर्मत गर्ने (ख)<br>गाडी मर्मत मात्र गर्ने, मोटरसाइकल मर्मत गर्ने (ग) | २०००।- | १५००।- | १०००।- |
| १२ | छापाखाना<br>अपसेट प्रेस (क)<br>साधारण प्रेस (ख) | १०००।- | ५००।- | |
| १३ | स्वास्थ्य सेवा<br>निजि अस्पताल (क)<br>पोलि क्लिनिक, थोक मेडिकल (ख)<br>मेडिकल (ग) | २०००।- | १५००।- | १०००।- |
| १४ | मेटल वर्कशप | १०००।- | | |
| १८ | काष्ठ उद्योग<br>काठ चिरानी मेशिन तथा फर्निचर (क)<br>फर्निचर (ख)<br>दाउरा डिपो (ग) | २०००।- | १५००।- | ५००।- |
| १९ | इट्टाभट्ठा | ५१००।- | | |
| २० | पान पसल | २५०।- | | |
| २१ | बेकरी<br>गद्योग (क)<br>पसल (ख) | १०००।- | ५००।- | |
| २२ | तरकारी र फलफुल पसल | ५००।- | | |
| २३ | एग्रोभेट | १५००।- | | |
| २४ | कुटान पिसान मिलहरु<br>सेलर मिल (क)<br>सधारण मिल (ख) | १५००।- | १०००।- | |
| २५ | ठेकदार क वर्गका इजाजत प्राप्त (क)<br>ख वर्गका इजाजत प्राप्त (ख)<br>ग वर्गका इजाजत प्राप्त (ग)<br>नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रु १०००० नविकरण दस्तुर रु ३००० तीन | २००००।- | १५०००।- | १००००।- |

| | | | | |
|---|---|---|---|---|
| | महिनाभित्र सो भन्दा पछि दोब्बर दस्तुर लाग्ने । | | | |
| २६ | कपडा, फेन्सी तथा किराना पसल<br>थोक विक्रेता (क)<br>खुद्रा विक्रेता (ख) | १०००।- | ५००।- | |
| २७ | कृषि तथा पशुपंक्षी व्यवसाय | १०००।- | | |
| २८ | दन्त क्लिनिक, हार्डवेयर पसल, ईलेक्ट्रिक पसल, साइन वोर्ड पेन्टिङ व्यवसाय | १०००।- | | |
| २९ | अन्य उद्योग<br>२० लाख भन्दा बढी (क)<br>१ लाख देखि २० लाख सम्म (ख)<br>१ लाख भन्दा कम (ग) | २५००।- | १५००।- | १०००।- |
| ३० | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | |
| ३१ | पशु वधशाला | १५०० | | |
| ३२ | गैरसरकारी संस्था<br>अन्तराष्टिय गैरसरकारी संस्था (शाखा) (क)<br>राष्टिय गैरसरकारी संस्था वा शाखा (ख) | २०००।- | १५००।- | |
| ३३ | वित्तिय सेवा<br>वाणिज्य बैंक, वित्तिय संस्था, आइ. एम. इ. सेवा (क)<br>ऋण तथा बचत सहकारी संस्था (ख) | ५०००।- | २०००।- | |
| ३४ | संस्थागत स्कुल<br>कक्षा १ देखि १२ सम्म (क)<br>कक्षा १ देखि ८ सम्म (ख)<br>कक्षा १ देखि ५ सम्म (ग) | ५०००।- | २०००।- | १०००।- |
| ३५ | म्यानपावर सेवा | १५००।- | | |
| ३६ | सवारी सोरुम | | १०००।- | |
| ३७ | माथि उल्लेखित भएको वाहेक अन्य व्यवशाय,सेवा आदीमा | १०००।- | | |
| ३८ | कन्सल्टेन्सी दर्ता तथा नविकरण शुल्क | ५०००।- | | |

नोट :

१. यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यसमा सवै आईटम मध्ये जुन आईटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ ।

२. म्याद भित्र नबुझाउने कुनै पनि करदाताहरुबाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसायकर असुल गरिनेछ ।

अनुसूचि ४

(दफा ७ संग सम्बन्धित)

विज्ञापन कर



प्रदिप कुमार खड्का
नगर प्रमुख

विज्ञापन कर : ठेक्का प्रकृया द्वारा विज्ञापनकर उठाउनको लागि देहाय अनुसार दररेट निर्धारण गरी विज्ञापनकर लिने ।

(क) साइनवोर्ड प्रति वर्गफिट रु ९०
(ख) होडिंगवोर्ड प्रति वर्गफिट रु ७५
(ग) भित्तेलेखन सटर पेन्टिंग प्रति वर्गफिट रु २०
(घ) ब्यानर प्रति वर्गफिट रु १००
(ङ) पोलबोर्ड प्रति गोटा प्रति वर्ष रु५००
(च) डिजिटल बोर्ड प्रति वर्गफिट रु १०००

अनुसूचि ५
(दफा ८ संग सम्बन्धित)
मनोरन्जन कर

मनोरञ्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग नगरपालिका र संचालक बीच आपसी समझदारीमा मनोरञ्जनकर शुल्क लिने ।

अनुसूचि ६
(दफा ९ संग सम्वन्धित )
सेवा शुल्क तथा सिफारिस दस्तुर

सिफारिस दस्तुर : नगरपालिकाबाट उपलब्ध गराउने सिफारिसहरुको निम्न बमोजिम निवेदन फाराम दस्तुर र सिफारिस दस्तुर लिने ।

| सि.नं. | विवरण | सिफारिस दस्तुर रु. |
|---|---|---|
| १ | नाता प्रमाणित | २०० |
| २ | धारा विजुली | २०० |
| ३ | नाम, थर आदि सच्याउने | २०० |
| ४ | जग्गा, नामसारी, जग्गा दर्ता, गुठी, रैकर आदि | १००० |
| ५ | जग्गा खरिद विक्रिमा घर, बाटो प्रमाणित | २५० |
| ६ | कालोपत्रे मोटर भएको छ भनि गरिने सिफारिसमा | ५०० |
| ७ | अन्य मोटरबाटो भएको छ भनी गरिने सिफारिसमा | २५० |
| ८ | आय श्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसाबले | वार्षिक हुने आउने रकमको ०.१ प्रतिशत |
| ९ | रुख काट्नको लागि सिफारिस दिंदा | |
| | • पाँच वटा रुख सम्म | १०० |
| | • सो भन्दा बढी | २०० |
| १० | मोहि लागत कट्टा सिफारिस | ५०० |
| ११ | घर कायम सिफारिस | |
| | • पकि घर | ५०० |

| | | |
|---|---|---|
| | • कचि घर | ३०० |
| १२ | सहरजमिन मुचुल्का | ५०० |
| १३ | छात्रवृति, विपन्न, अपाङ्ग, दलित सिफारिस, जिवित रहेको सिफारिस, कोर्ट फि मिनहा सिफारिस | नि:शूल्क |
| १४ | बसोबास सिफारिस | ३०० |
| १५ | नागरिकता सिफारिस<br>• बंशज<br>• अंकृत<br>• जन्मसिद्ध | १०० |
| १६ | विद्युत, धारा जडान सिफारिस | २५० |
| १७ | दुवै नाम थर रहेको व्यक्ति एउटै हो भने सिफारिस | २०० |
| १८ | व्यवसाय बन्द, व्यवसाय सञ्चालन सिफारिस | ३०० |
| १९ | नाबालक परिचयपत्र सिफारिस | ५० |
| २० | चौपाया सम्बन्धी सिफारिस | २०० |
| २१ | व्यवसाय दर्ता, उद्योग ठाउँसारी, विद्यालय ठाउँसारी सिफारिस | ५०० |
| २२ | आन्तरिक बसाइसराइ सिफारिस | २०० |
| २३ | विद्यालय सञ्चालन, स्वीकृत, कक्षा वृद्धि सिफारिस | ५०० |
| २४ | व्यक्तिगत विवरण, जग्गादर्ता सिफारिस | ३०० |
| २५ | संरक्षक सिफारिस<br>• व्यतिगत<br>• संस्थागत | २००<br>२५० |
| २६ | घरबाटो कायम सिफारिस | २५० |



प्रदिप कुमार खड्का
नगर प्रमुख

| | | |
|---|---|---|
| २७ | संस्था दर्ता सिफारिस | ५०० |
| २८ | निशुल्क, सशुल्क उपचार सिफारिस, आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस | निशुल्क |
| २९ | जग्गाधनी पुर्जा हराएको सिफारीस | ५०० |
| ३० | मिलापत्र, आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारिस | ५०० |
| ३१ | जन्ममिति प्रमाणित | १०० |
| ३२ | घरपाताल, कागज, मञ्जुरनामा प्रमाणित | २५० |
| ३३ | हकदार वा हकवाला प्रमाणित | ३०० |
| ३४ | जन्मदर्ता, मृत्यु दर्ता, बसाइसराइ, सम्बन्धविच्छेद दर्ता ३५ दिन भित्र निशुल्क अन्यथा | २०० |
| ३५ | तमसुक प्रमाणित | २०० |
| ३६ | सूचिकृत दर्ता, कृषि पशु तथा अन्य समुह दर्ता | ५०० |
| ३७ | AI (कृत्रिम गर्भधारण) ,गाई भैसीको सिङ काटेको | ५० |
| ३८ | बाखा, गाई, भैसी, गोरु, कुकुर उपचार | निशुल्क |
| ३९ | पशुसेवा शाखाबाट हुने सिफारिस | निशुल्क |
| ४० | सिचाँइ मिटर सिफारिस | २५० |
| ४१ | सहकारी दर्ता, नवीकरण शुल्क | १००० |
| ४२ | रसायनिक मल विक्रेता प्रमाणपत्र सिफारिस | ५०० |
| ४३ | व्यवसाय दर्ता प्रमाणपत्र | ५०० |
| ४४ | न्यायिक समितिको दस्तुर<br>• निवेदन | <br>१०० |



प्रदिप कुमार खड्का
नगर प्रमुख

| | | |
|---|---|---|
| | • फिराद<br>• प्रति उत्तर | २००<br>५० |

अनुसूची ७

अन्य व्यवस्था

१.योजनाहरु, छात्रवृति, आथिक सहायता, स्वास्थ्य उपचार, दैवीप्रकोप र सामाजिक सुरक्षा भत्ता प्राप्तको लागि गरिने मन्जुरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

२.यस नगरपालिकावाट गरिने सम्पती मुल्याँकन र आयश्रोत प्रमाणित सिफारिस बाहेक अन्य सिफारिसमा अंग्रेजीमा सिफारिस दिंदा तोकिएको सिफारिस दस्तुरमा थप सत प्रतिशत दस्तुर लिने ।

३.यो ऐनमा व्यवस्था नभएका तर संघीय वा प्रदेशीक एन, कानुनमा उल्लेख भएका भए सोही बमोजीम दस्तुर लाग्ने छ । सो बाहेक अन्य सिफारिसको हकमा रु २५० नघटाइ कर लिने ।

४. विद्युत, टेलिफोन पोल कर : नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमको नगरपालिका क्षेत्र भित्र विद्युत र टेलिफोन प्रसारणको लागि गाडिएको केन्द्रीय प्रसारण पोललाई बार्षिक प्रति पोल रु २,००० र स्थानीय प्रसारणलाई प्रति पोललाई वार्षिक रु ५०० ।